# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।२१ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु ईश्वरप्रकाश कलवार र नेत्रबहादुर चौधरीसमेत रहेको गैर-नेपाली नागरिकलाई नक्कली जग्गा धनी खडा गरी बिक्री गरेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादीहरु ईश्वरप्रकाश कलवार र नेत्रबहादुर चौधरीलाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), सोही ऐनको दफा १७ र दफा १२ समेतको कसुरमा जनही बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१), सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ), र सोही ऐनको दफा १२ बमोजिमको सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन,

**प्रतिवादीहरु टिकाराम ज्ञवाली, बुद्धिसागर तिवारी र खगेन्द्र पराजुलीलाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा १७ बमोजिमको कसुरमा जनही बिगो रु.५,०५,४२,०००।– (पाँच करोड पाँच लाख बयालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन,

**प्रतिवादीहरु मनोहरप्रसाद पन्थि, रमेशमान श्रेष्ठ, सुवास खड्का र अमृतकुमार काम्मु मगरलाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), सोही ऐनको दफा १७ र दफा ९ बमोजिमको कसुरमा जनही बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) र सोही ऐनको दफा ९ समेतको सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो असुल उपर हुन,

**प्रतिवादीहरु नन्दलाल दास, बुद्धिसागर सुवेदी र नन्दलाल कुम्हाल कोहारलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा जनही बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिमको सजाय हुन,

**प्रतिवादी रविकुमार खत्रीले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) को कसुरमा बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालीस हजार) कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी हानी नोक्सानी गरेको विगोसमेत सोही दफा ८ को उपदफा (४) बमोजिम विगो असुल गरी जफत हुन,

**देवेन्द्रसिंह सैथवार, आसकुमार सैथवार, बृजमनि सैथवार, ईन्द्रावती सैथवार, अमनसिंह सैथवार (नावालक) को हकमा निजको संरक्षक आसकुमार सैथवार, तेजप्रतापसिंह सैथवार (नावालक) को हकमा निजको संरक्षक आशकुमार सैथवार, रितु कुमारी सैथवार, शिवलाल चमार, परदिप सुनार, तेजश्व सोनकर, पूर्णिमा कुमारी बर्मा सुनार र प्रियंका कुमारी बर्मालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र सोही ऐनको दफा ४७ बमोजिम जग्गा जफत गर्ने प्रयोजनका लागि मात्र निजहरुलाई प्रतिवादी कायम गर्न मागदावी रहेको,

**प्रतिवादी अनुप मेहराले** सम्पत्ति लिने खाने किसिमको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ (ज) र ऐ. ऐ. को दफा १७, दफा ९ र दफा १२ बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ (ज), दफा १७, दफा ९ र दफा १२ बमोजिम हुने सजायलाई आधार मानी बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालीस हजार रुपैया) कायम गरी मुख्य प्रतिवादीहरू तथा मूल अभियोगमा कसुर तथा सजायको मागदावी लिईएका प्रतिवादीहरूलाई हुने सजाय सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुरमा सजाय हुन र उक्त जग्गाहरुमा कायम रहेको मोहियानी हक सुरक्षित हुने गरी नेपाल सरकारको नाममा कायम हुन विशेष अदालत ऐन, २०५९ को दफा ९ समेतका आधारमा थप अभियोगपत्र सहितको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०/०९/०५ को फैसलाबाट सफाई दिएको-ः

- वादीले लिएको अनुपकुमार खत्री भन्ने अनुपकुमार मेहरा होइनन् भन्ने प्रमुख दावीमा विश्वास गर्न सकिएन। यसबाट हाल थुनामा रहेका यी प्रतिवादी अनुप मेहरा विवादित जग्गा धनी स्व. प्रेमशरण खत्रीको छोरा अनुप खत्री हो भनी निजकै निवेदनको आधारमा हदबन्दी छानविनको कारवाही चलाई भएको भूमिसुधार कार्यालय तथा अदलको महलको ३ नम्बर बमोजिम भएको मालपोत कार्यालयको निर्णय र कारवाहीमा वदनियत् रहेको भन्ने तथ्यगत् आरोप दाबी स्थापित हुन नआएको,
- जग्गावाला प्रेमशरण छिमेकी देश भारतमा बस्ने तथ्य विवाद रहित रहेको र निजले रोक्का फुकुवा नगराएको अवस्थामा हदबन्दी छानविन गरिपाउँ भनी छोरा नाताका अनुपकुमारले पेस गरेको निवेदन बमोजिम रोक्का फुकुवा गरिएको कार्यमा प्रतिवादीहरुको बदनियत भन्न नमिलेन,
- प्रतिवादी अनुपकुमार मेहराले बयान एवं बकपत्र गर्दा आफ्नो परिवारमा छोरी अंशिका खत्री देखाएको पाइन्छ भने यस अदालतका आदेशानुसार विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिम झिकाइएका रेणु मेहराले बयान गर्दासमेत छोरीको अस्तित्व खुलाई निजको जन्म मिति तथा विवाह भएको घर भारतको पंजाव भएको तथ्यसमेत खुलाएको देखिएको।वादीले अनुप मेहराको छोरी नभएको भन्ने दाबी कुनै वस्तुगत प्रमाणबाट पुष्टि गरेको नभई निजले अदालतमा उपस्थित गराउन नसकेको आधारमा मात्र उक्त आरोप लगाएकोले यस अवस्थामा अन्यथा प्रमाणित नभएसम्म छोरी अंशिका खत्रीको अस्तित्व ईन्कारी गर्न मिल्ने नदेखिएको,
- जग्गा धनी परिवर्तनसँगै जग्गामा रहेको मोहीयानी हकसमेत सर्ने हुन्छ। फेरी मोही हकको विषयमा दाबी गर्ने हकदैया नत उजुरकर्तामा हुन्छ नत वादीमा नै। मोही स्वयंले दाबी गरेका वखत सम्बन्धीत अधिकारीले कानून बमोजिम निर्णय गर्न सक्ने नै हुन्छ। यसैका आधारमा यस मुद्दाबाट वदनियत रहेको भनी मान्न मिलेन,
- प्रेमशरण खत्रीको दर्ता श्रेस्ताको जग्गाको हक कायमतर्फ वादी नेपाल सरकारको दाबी रहेको नदेखिएको,
- प्रतिवादी अनुप मेहरा र अनुपकुमार खत्री फरक व्यक्ति हुन् भनी लिएको दाबी मिसिल संलग्न नाता प्रमाणित कागज, भूमि सुधार ७नं. फाँटबारी, पारिवारिक लगत, १नं. मोही लगत, गेरमी गाउँ विकास समितिबाट मिति २०७३।०५। २७ मा गरेको सिफारिस, जग्गाको मोहीहरु सह-प्रतिवादीहरुको बयान एवं परिवार भित्रका सह-प्रतिवादी रबीकुमार खत्रीको बयानसमेतबाट प्रतिवादी अनुप मेहरा र अनुपकुमार खत्री फरक व्यक्ति रहेको वादी दाबी पुष्टि हुन नसकेको,
- प्रेमशरण खत्रीको जग्गाको हकवाला अनुपकुमार खत्री रहेको तथ्य वादी दाबीमा नै स्वीकार गरिएको अवस्था रही दावीको जग्गामा नेपाल सरकारको हक भोग नरही व्यक्ति विशेषको हक भोगको देखिएको अवस्थामा भूमि सुधार कार्यालयबाट भएको जग्गा हदबन्दी फुकुवा गर्ने निर्णय, मालपोत कार्यालयबाट भएको जग्गाको हक हस्तान्तरण गर्न स्वीकृति दिने निर्णय एवं पारित राजिनामा रजिष्ट्रेशनसमेतको कार्यमा प्रतिवादीहरुको वनदियत रहेको पुष्टि हुन नसकेको,

लगायतका आधारमा प्रतिवादीहरुले आरोपीत कसुरबाट सफाई पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२१ मा पुनरावेदन गरिएको छ।

**<u>देहायः</u>**

क. आयोगको निर्णय बमोजिम मुलतबीमा राखेको विषय वस्तुलाई अदालतले प्रमाणको रोहमा ग्रहण गर्न नमिल्ने र सोही विषय वस्तुलाई प्रस्तुत मुद्दाको प्रमाणमा लिई अनुप मेहरा र अनुप खत्री एउटै व्यक्ति भनी गलत तवरले कानूनको व्याख्या गरी गरेको फैसला त्रुटिपूर्ण रहेको। आयोगको मिति २०७९/०३/१२ को निर्णयमा अनुप मेहरा र अनुप खत्री एउटै व्यक्ति हुन् भनी कही कतै उल्लेख गरेको नदेखिएको अवस्थामा अनुप मेहरा र अनुप खत्री एउटै व्यक्ति हुन् भनी भन्न मिल्ने देखिदैन। आयोगले मूलतबी राखेको विषयमा मुद्दा चलाउन सक्ने नै हुँदा मूलतबीमा राखेको आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख. गैर-नेपाली नागरिकलाई नक्कली जग्गाधनी खडा गरी जग्गा बिक्री बितरण गरी भ्रष्टाचार गरेको मुद्दाको सम्बन्धमा गैर-नेपाली नागरिक अनुप मेहरालाई नेपाली नागरिक प्रेमशरण खत्रीको छोरा अनुपकुमार खत्री हो भनी गलत वंशावली र बसोबास प्रमाणित सम्बन्धी सर्जमिन मुचुल्का तयार गरी सिफारिस दिने कार्यमा संलग्न रहेका जिल्ला नवलपरासी (व.सु.प.) पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ का वडाअध्यक्ष ओम प्रकाश तेली, तत्कालीन वडा सदस्य नरेश प्रसाद बढई, रवि कुमार खत्री समेत विरुद्ध विशेष अदालतमा **(मुद्दा नं. ०८१-CR-००१६)** यस आयोगबाट मुद्दा दायर भई हाल उक्त मुद्दा विचाराधिन अवस्थामा रहेको। मूल मुद्दा (यस प्रस्तुत मुद्दालाई) असर पर्ने तारिकाले रवि कुमार खत्रीले दिएको निवेदनको आधारमा तत्कालीन वडा अध्यक्ष ओम प्रकाश तेली लगायतका व्यक्तिले मूल मुद्दा मिति २०७७/०३/२५ मा (मुद्दा नं. ०७६-CR-०४३८) आरोपपत्रसाथ विशेष अदालतमा दर्ता भए पश्चातको मिति २०७७/०४/२१ गतेमा अनुप मेहराको बसोबास र मिति २०७७/०५/२४ गतेमा अनुप मेहराको वंशावली प्रमाणितको कागजात सिर्जना गरी पेश गरेको देखिएबाट बिशेष अदालतले मुद्दा दर्ता भए पश्चात खडा गरिएका कागतजातहरुको मिति एकिन गरी उक्त कागजातको प्रमाणीक मूल्य यकिन गर्नुपर्नेमा सो नगरी मुद्दा दायर भए पश्चात खडा गरीएको कागजातलाई प्रमाणमा ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने फैसला त्रुटिपूर्ण रहेको।

ग. हदबन्दी रोक्का राख्ने भूमिसुधार कार्यालय, नवलपरासीको २०२४ सालको निर्णयमा के भएको थियो भन्ने सम्बन्धमा उक्त निर्णय नै उक्त कार्यालयमा नभएको। निर्णय विना नै प्रतिवादी **ईश्वर प्रकाश कलवारले** हदबन्दी फुकुवाको कारवाही गरेको संवेदनशील पक्षलाई फैसलाले नजर अन्दाज गरेको। २०५८ सालमा जग्गाको हदबन्दी सम्बन्धी व्यवस्था संशोधन भएकोमा प्रेमशरण खत्रीलाई मुली मानी हदबन्दीको कारबाही चलाउनुपर्नेमा निजको छोरा अनुप कुमार खत्रीलाई मुली मानी निजको छोरा र छोरी समेतलाई परिवार संख्या ३ (तीन) कायम गरी हदबन्दी रोक्का भएको जग्गा फुकुवा गर्ने निर्णय मिलेको नदेखिएको। जसको नाममा हदबन्दी रोक्का भएको छ, निजको उमेर पुगेका अंशियार बीचमा मात्र जग्गा कायम गर्न मिल्ने हो। हदबन्दी रोक्का भएको जग्गा दर्तावालाको पछिल्ला विभिन्न पुस्तासम्म गई हदबन्दीको कारबाही चलाउने भन्ने भूमि सम्बन्धी ऐनको मकशद (मनसाय) नभएको। स्थानीय निकायहरुबाट अनुपकुमार खत्रीको नामबाट सिफारिसहरु बनाई निजको तीन पुस्ते अभिलेख समेतका नाता प्रमाणित कागजातहरु संलग्न गरेकोमा सम्पूर्ण कागजातहरुमा निज अनुपकुमार खत्री भारतीय नागरिक हो भन्ने व्यहोरा कहींकतै खुले खुलाएको देखिँदैन। निज अनुपकुमार खत्री जिल्ला नवलपरासी, गेरमी गा.वि.स. वडा नं. ९, गेरमीमा बस्ने भनी सिफारिस, सर्जमिन मुचुल्का लगायतका कागजातहरु बनाई भूमिसुधार कार्यालय, नवलपरासीबाट हदबन्दीको कारवाही मिति २०७३।०४।१८ मा टुंग्याएको देखिएको। जग्गाको हदबन्दी सम्बन्धी कारवाहीको सिलसिलामा जग्गावालासँग बयान गर्नु पर्नेमा सो नगरी निज अनुपकुमार खत्री भारतीय नागरिक रहेको तथ्यलाई नजरअन्दाज गरी निज अनुपकुमार खत्रीसँग बयान नलिई बदनियतपूर्ण योजनाका साथ निजको वारेस रवी कुमार खत्रीसँग मिति २०७३।०३।१९ गते बयान लिई सो को आधारमा हदबन्दीको कारवाही गरेको देखिँदा देखिदै सो तर्फ विशेष अदालतले कुनै विश्लेषण नै नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला त्रुटीपूर्ण रहेको।

घ. अनुप कुमार खत्री भन्ने व्यक्ति अनूप मेहरा हुन् भन्ने तथ्य नै स्थापित नभएको र बाबु आमा जीवित हुँदै बाजेको जग्गा नाति नातिनीमा सर्न नसक्ने तथ्य एकातर्फ छ भने अनुप कुमार खत्रीकी छोरी अंशिका खत्री अविवाहिता रहेको व्यहोराको स्थानीय निकायको सिफारिस तथा कार्यालयबाट खटिएको टोलीले गरेको स्थलगत सर्जमिन मुचुल्का समेतका आधारमा ३ (तीन) परिवार संख्या कायम गरेको भनी भूमिसुधार अधिकारीले दाबी लिएतापनि

निज अंशिका खत्रीनै अस्तित्वमा भए नभएको यकिन नभएको, अनूप मेहराको छोरी अंशिका मेहरानै हुने हुँदा अनूप मेहराको छोरी अंशिका खत्री हुन नसक्ने, निज अंशिका मेहराको जन्म भारतमै भएको, भारतमै बसोबास गरेकोले निज विवाहिता/अविवाहिता वा निजको जन्म मिति यकिन नभएको, जन्म मिति सम्बन्धी भारतीय सरकारी निकायबाट कुनै पनि प्रमाणित कागजातहरु पेश गर्न नसकेको, भारतमै जन्मिहुर्की बसोबास गरेको व्यक्तिलाई नेपालको स्थानीय निकायले दिएको जन्म दर्ता, विवाह दर्ता, नाता प्रमाणित, मृत्यु दर्ता लगायतका कागजातहरुको पुष्टि हुने आधार समेत नदेखिएको। गरेमी गाउँ विकास समितिको कार्यालय, नवलपरासीको च.नं. ५७ मिति २०७३।०४।१६ गतेको पत्रानुसार अनुप कुमार खत्री र रेनु खत्रीको छोराको जन्म २०३९।४।१२ (सन् १९८२ जुलाई २७) गते वर्ष ३४ को अंकुर खत्री र निजहरु अनुप कुमार खत्री र रेनु खत्रीको छोरीको जन्म २०३६।२।१५ (सन् १९७९ मे २९) गते वर्ष ३७ की अंशिका खत्री यी दुईजना एक छोरा र एक छोरी रहेको व्यहोरा सिफारिससाथ अनुरोध गरिन्छ भनी लेखेको भएता पनि मालपोत कार्यालय, नवलपरासीबाट प्राप्त मिसिल संलग्न पारिवारिक विवरणमा भने अंकुर मेहराको जन्म सन् १९८४ र अंशिका मेहराको जन्म सन् १९८५ उल्लेख गरेको देखिँदा निजहरुको जन्म मिति समेत फरक फरक पाइएकोले एकै व्यक्ति हो भन्ने पनि पुष्टि भएको नदेखिएको अवस्थामा विशेष अदालतले सो तर्फ कुनै विश्लेषण नै नगरी प्रतिवादीहरुलाई सफाई दिने फैसला त्रुटीपूर्ण रहेको।

ङ. मिति २०७३।०४।१८ मा २७-७-२.७५ बिगहा जग्गा हदबन्दी फुकुवा गर्ने निर्णय, मालपोत कार्यालयबाट भएको जग्गाको हक हस्तान्तरण गर्न स्वीकृति दिने मिति २०७३/०९/०६ को निर्णय एवं मिति २०७३/०९/२४ र ऐ. २५ मा पारित राजिनामा रजिष्ट्रेशन समेतको कार्यमा प्रतिवादीहरुको वदनियत नरहेको भनी अदालतले फैसलामा ग्रहण गरेको देखिएको। मिति २०२२ सालमा प्रेमसरण खत्रीले आफ्नो ७ नम्बर फाँटबारीमा छोराको नाम अनुप खत्री उल्लेख गरेकोमा सो बेलामा नै परिवार संख्या एकिन भएको र अनुप खत्रीले पाउने जग्गा समेत सो बेलाको कानूनले एकिन गरेको। अनुप खत्रीले मिति २०५८/१०/२५ गते भन्दा अगावै हद बन्दी सम्बन्धी रोक्का रहेको जग्गा फुकुवा गरी पाउ भनी सम्बन्धीत निकायमा निवेदन पेश गरेको देखिदैन। मिति २०५८/१०/२५ मा भूमी सम्बन्धी ऐन, २०२१ को दफा ७ संशोधन भएको र सो संशोधनबाट दस बिगाहा र घरबारीतर्फ एक बिगाह गरी जम्मा एघार बिगाहा जग्गालाई हद निर्धारण गरेकोमा अनुप खत्रीले पाउने जग्गा बढीमा ११ बिगाहा हुनेमा उनाउ व्यक्तिले २०७३ सालमा निवेदन दिएको आधार लिई ३ जना परिवार संख्या कायम गरी २७-७-२.७५ बिगहा जग्गा फुकुवा गरेको कानूनत मिलेको देखिदैन र २०५८/१०/२५ मा भूमी सम्बन्धी ऐन, २०२१ को दफा ७ मा भएको संशोधनको मकस्द समेत नरहेको अवस्थामा अनुप खत्री भन्ने नक्कली अनुप मेहरा भन्ने व्यक्तिलाई खडा गराई रबि कुमार खत्रीले २०७३ सालमा दिएको निवेदनलाई आधार लिई ३ जना परिवार संख्या कायम गरी प्रतिवादीहरु मिलि मालपोत कार्यालयबाट २७-७-२.७५ बिगहा जग्गा फुकुवा गर्ने निर्णय गरेको कानूनत नमिलेको अवस्थामा २७-७-२.७५ बिगहा जग्गा फुकुवा गर्ने गरी भएको निर्णय मिलेको भनी गरेको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. टीकाराम ज्ञवाली, ईश्वरप्रकाश कलवार,मनोहरप्रसाद पन्थी, रमेशमान श्रेष्ठ, नन्दलाल दास,बुद्दीसागर सुवेदी, नन्दलाल कुम्हाल, बुद्दीसागर तिवारी, सुवास खड्का, अमृतकुमार काम्मु मगर, खगेन्द्र पराजुली, नेत्रबहादुर चऔधरी थारु, रबीकुमार खत्री, देवेन्द्र सिंह सैथवार, आस कुमार सैथवार (अमन सिंह सैथवार र तेज प्रताप सैथवारको संरक्षक समेत रहेका), बृजमनी सैथवार, इन्द्रावती सैथवार, रितु कुमारी सैथवार, परदिप सुनार, तेजश्व सोनकर, पूर्णीमा कुमारी (वर्मा) सुनार, प्रियंका कुमारी वर्मा , शिवलाल चमार र अनुप मेहरा** (वि.अ. को मु.नं. **०७६-CR-०४३८ , ०८०-CR-००६४**), वि.अ. को फैसला मिति २०८०।०९।०५) | **गैर नेपाली नागरिकलाई नक्कली जग्गा धनी खडा गरी जग्गा बिक्री बितरण गरी भ्रष्टाचार गरेको** | **प्रतिवादी ईश्वरप्रकाश कलवारले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), सोही ऐनको दफा १७ र दफा १२ समेतको कसुरमा बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज ईश्वरप्रकाश कलवारलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१), सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ), र सोही ऐनको दफा १२ वमोजिमको सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो असूल उपर हुन मागदावी लिइएको, **प्रतिवादी नेत्रवहादुर चौधरीले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), सोही ऐनको दफा १७ र दफा १२ समेतको कसुरमा बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज नेत्रवहादुर चौधरीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१), सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ), र सोही ऐनको दफा १२ वमोजिमको सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो असूल उपर हुन मागदावी | **फैसलाः**<br>प्रतिवादीहरु २४ जनालाई आरोपित कसुरबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/०९/०५ मा फैसला गरेको।<br>**विशेष अदालत काठमाडौंले प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>**क.** दाबीकर्ता आयोगले उजुरी मुल्तवी राख्दा समेत स्वीकार गरेको तथा खण्डन गर्ने दायित्व पनि आयोगकै हुन्छ। आरोपपत्रमा प्रतिवादीहरुले पुष्टि गर्न नसकेको भनी उल्लेख गरेकै भरमा सबुत प्रमाण र भौतिक रुपमा स-शरीर उपस्थित भएका व्यक्तिलाई अदालतले अन्यथा भनी अनुमान गर्न र फौजदारी कसूर स्थापित गर्न सक्दैन। अन्यथा प्रमाणित नभएसम्म वादी आयोगले लिएको अनुपकुमार खत्री भन्ने अनुपकुमार मेहरा होइनन् भन्ने प्रमुख दावीमा विश्वास गर्न सकिएन। यसबाट हाल थुनामा रहेका यी प्रतिवादी अनुप मेहरा विवादित जग्गा धनी स्व. प्रेमशरण खत्रीको छोरा अनुप खत्री हो भनी निजकै निवेदनको आधारमा हदबन्दी छानविनको कारवाही चलाई भएको भूमि सुधार कार्यालय तथा अदलको महलको ३ नम्बर बमोजिम भएको मालपोत कार्यालयको निर्णय र कारवाहीमा वदनियत् रहेको भन्ने तथ्यगत् आरोप दाबी स्थापित हुन आएन।<br>**ख.** बि.सं. २०२४ सालको निर्णयले हदबन्दीभन्दा बढी भई प्राप्त जग्गा बिक्री वितरण भैसकेको र बिक्री वितरण हुन बाँकी भनी सूचीबद्ध गरिएका जग्गाहरु मिति २०७३/०९/०६ मा हक हस्तान्तरण गर्न सूचीकृत भएका जग्गामा परेकोसमेत नदेखिएकोमा बाँकी जग्गाहरु स्वतः प्रेमशरण खत्रीले जग्गा धनीको | **क.** अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ मा आयोगको अधिकारक्षेत्र अन्तर्गत सार्वजनिक पद धारणा गरेको कुनै व्यक्तिले अख्तियार दुरुपयोग गरेमा आयोगले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कारबाही गर्नेछ भनी व्यवस्था गरेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिच्छेद-४ मा भ्रष्टाचार सम्बन्धी व्यवस्था, परिच्छेद-५ मा अनुसन्धान तथा तहकिकात सम्बन्धी व्यवस्था गरेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ को नियम ६ मा भ्रष्टाचारको उजुरी दिने व्यवस्था गरेको छ भने ऐ. नियमावली को नियम ७ मा उजुरी दर्ता गर्ने प्रावधान गरेको साथै ऐ. नियमावलीको परिच्छेद-४ मा प्रारम्भिक छानबिन वा अनुसन्धान तहकिकातसम्बन्धी कार्यविधीको प्रावधान रहेको देखिन्छ। कानून बमोजिम यस आयोगमा उजुरी दर्ता भए पश्चात अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ बमोजिम मुद्दा चलाउने अधिकार तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ को नियम १० बमोजिम उजुरी तामेली वा मूलतबीमा राख्न पाउने अधिकार कानूनले नै यस आयोगलाई अधिकार प्रदान गरेको।<br>**ख. इन्द्रबहादुर गुरुङ वि. राजस्व न्यायाधिकरण, काठमाण्डौं (नेकाप २०५०(क), जेष्ठ, नि.नं.४६९७)** भएको बन्दी प्रत्यक्षीकरण मुद्दामा **न्यायालयले विधि बनाउने होइन, संशोधन गर्ने होइन, र खारेज गर्ने पनि होइन। विधिलाई निष्कृय गर्ने काम पनि अदालतको होइन, अदालतको काम विधिलाई प्रयोग गर्ने मात्र हो** भनि सिद्धान्त प्रतिपादन गरेको अवस्थामा आयोगले आफ्नो अधिकार प्रयोग गरी मुद्दा चलाउन वा मूलतबी राख्न सक्ने देखिन्छ। आयोगले मूलतबीमा राखेको विषयलाई विशेष अदालतले आयोको कानून सम्मत प्रक्रिया एवं कार्य विधिगत सवाललाई नै मूल प्रमाण जस्तो आधार वनाई प्रतिवादीहरुलाई सफाई दिने गरी प्रस्तुत मुद्दामा फैसला गरेको देखिन्छ। आयोगमा परेको कुनै उजुरी कुनै कारणले कारवाही किनारा गर्न बाधा अड्काउ परेमा उजुरी मूलतबीमा राख्न सकिनेछ भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ को नियम १० मा स्पष्ट व्यवस्था गरेको देखिन्छ र सोही बमोजिम आयोगको निर्णय संख्या ८९३ मिति २०७९/०३/१२ को निर्णायानुसार उजुरी मूलतबी राखीएको हो। मूलतबी भनेको मुद्दाको अन्तिम किनारा लगाएको नभइ केही कारणले बाधा अड्काउ परेको अवस्थामा केही समयका लागि कुनै काम कारवाही वा घटना पछी पुनः जगाई कारवाही गर्न राखिने प्रक्रिया मात्र हो। उजुरी मूलतबी राख्दैमा मुद्दा/अनुसन्धान अन्तिम हुने होइन मूलतबी राखिएको विषय आयोगले निर्णय गरी जुन सुकै अवस्थामा जगाउन सक्ने नै हुन्छ। कुनै बाधा अड्काउ परेको खण्डमा आयोगले कानूनले दिएको अधिकार प्रयोग गरी उजुरी मूलतबीमा राख्ने गर्छ भने त्यस्तो बाधा अड्काउको अवस्था अन्त भएमा जुन सुकै बेलामा पनी मूलतबी जगाउन सक्ने अधिकार कानूनले नै व्यवस्था गरेको हुँदा विशेष अदालतले उजुरी मूलतबीमा राखेकै आधार लिई प्रतिवादीहरुलाई सफाइ दिने गरी गरेको फैसला त्रुटिपूर्ण छ।<br>**ग.** यस आयोगको निर्णय संख्या ८९३ मिति २०७९/०३/१२ को निर्णानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आरोप पत्र दायर गर्दा भारतीय नागरीक भनिएका अनुप मेहरा र पाल्हिनन्दन गा.पा वडा नं. ५ बस्ने अनुप कुमार खत्री एकै व्यक्ति भएको भन्ने सिफारिस दिएको भन्ने समेतको उजुरीको सम्बन्धमा सिफारिस दिने वडा अध्यक्ष र सर्जमिन मुचुल्का गरी दिने स्थानीय व्यक्तिहरुको हकमा पुरक आरोप पत्र दायर गर्न प्रयाप्त प्रमाण नदेखिएको साथै प्रस्तुत वारदातको मूल मुद्दा वादी नेपाल सरकार प्रतिवादी टिकाराम ज्ञवाली समेत भएको गैर नेपाली नागरीकलाई नक्कली जग्गा धनी खडा गरी जग्गा बिक्री वितरण गरी भ्रष्टाचार गरेको मुद्दा विचाराधिन रहेकोले प्रस्तुत मिसिल आयोगको बैठकले मूलतबीमा राख्ने गरी निर्णय भएको देखिन्छ। उक्त निर्णय भए पश्चात पुनः अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलमा उ.द.नं. c-४६८३२, मिति २०७९/११/२९ मा उजुरी दर्ता भएको र सो उजुरीमा समेत गैर-नेपाली नागरिकलाई गलत लिखत तयार गरी नक्कली जग्गाधनी खडा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लिइएको, **प्रतिवादी टिकाराम ज्ञवालीले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा १७ बमोजिमको कसुरमा बिगो रु.५,०५,४२,०००।– (पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज टिकाराम ज्ञवालीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो असूल उपर हुन मागदावी लिइएको, **प्रतिवादी बुद्दिसागर तिवारीले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र दफा १७ बमोजिमको कसुरमा बिगो रु.५,०५,४२,०००।– (पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज बुद्दिसागर तिवारीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) वमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो असूल उपर हुन मागदावी लिइएको, **प्रतिवादी खगेन्द्र पराजुलीले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) र | हैसियतले राख्न पाउने जग्गा अन्तर्गत नै पर्ने देखिन्छ। तसर्थ, जग्गा धनीको हैसियतले राख्न पाउने त्यस्ता जग्गाको रोक्का निरन्तर रहनु पर्ने भन्ने दाबी कानून सम्मत देखिन आएन। जग्गावाला प्रेमशरण छिमेकी देश भारतमा बस्ने तथ्य विवाद रहित रहेको र निजले रोक्का फुकुवा नगराएको अवस्थामा हदबन्दी छानविन गरिपाउँ भनी छोरा नाताका अनुपकुमारले पेस गरेको निवेदन बमोजिम रोक्का फुकुवा गरिएको कार्यमा प्रतिवादीहरुको बदनियत भन्न मिलेन।<br>**ग.** प्रतिवादी अनुपकुमार मेहराले बयान एवं बकपत्र गर्दा आफ्नो परिवारमा छोरी अंशिका खत्री देखाएको पाइन्छ भने यस अदालतका आदेशानुसार विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिम झिकाइएका रेणु मेहराले बयान गर्दासमेत छोरीको अस्तित्व खुलाई निजको जन्म मिति तथा विवाह भएको घर भारतको पंजाव भएको तथ्यसमेत खुलाएको देखिन्छ। मिसिल सामेल गेरमी गाउँ विकास समितिको कार्यालयको च.नं. १२५८, मिति २०७३।०३।२८ को नाता प्रमाणित हेर्दा, प्रतिवादी अनुपकुमार खत्रीको छोरीको रुपमा अंशिका खत्री उल्लेख भएको पाइन्छ। हालको पाल्हीनन्दन गाउँ विकास समिति ५ नं. वडा कार्यालयले आफ्नो च.नं. २१५, मिति २०७७।०५।२६ को पत्रबाट प्रमाणित गरेको वंशावलीमासमेत प्रतिवादी अनुपकुमार खत्रीको छोरीको रुपमा अंशिका खत्री उल्लेख गरेको पाइन्छ। यी लिखतहरुलाई प्रमाणमा लिन हुने कानूनी व्यवस्था सम्वन्धमा माथि उल्लेख गरी सकिएको छ। वादीले अनुप मेहराको छोरी नभएको भन्ने दावी कुनै वस्तुगत प्रमाणबाट पुष्टि गरेको नभई निजले अदालतमा उपस्थित गराउन | गरी जग्गा बिक्री वितरण गरी भ्रष्टाचार गरेको विषयको अनुसन्धान गर्दा आयोगले मिति २०७७/०४/२१ मा अनुप मेहराको बसोबास र मिति २०७७/०५/२४ मा अनुप मेहराको वंशावली प्रमाणितको कागजात सिर्जना गर्न मुचुल्कामा बस्ने व्यक्ति, निवेदन दिने व्यक्ति, प्रमाणित गर्ने वडा अध्यक्ष लगायत रोहवरमा बस्ने व्यक्तिहरुले गलत लिखत तयार गरी भ्रष्टाचार गरेको अनुसन्धानबाट देखिन आई आयोगको निर्णय संख्या २२९ मिति २०८१/०५/१९ को निर्णय बमोजिम बिशेष अदालत काठमाडौंमा प्रतिवादीहरु ओम प्रकाश तेली समेतका व्यक्तिहरुलाई प्रतिवादी बनाई गलत लिखत तयार गरी भ्रष्टाचार गरेको मुद्दाको **(मुद्दा न. ०८१-CR-००१६)** आरोपपत्र दायर गरीएकोमा हाल उक्त मुद्दा विचाराधिन अवस्थामा रहेको छ।<br>**घ.** कानूनीले तथा यस आयोगको निर्णय बमोजिम मुलतबीमा राखेको विषय वस्तुलाई अदालतले प्रमाणको रोहमा ग्रहण गर्न नमिल्ने र सोही विषय वस्तुलाई प्रस्तुत मुद्दाको प्रमाणमा लिई अनुप मेहरा र अनुप खत्री एउटै व्यक्ति भनी गलत तवरले कानूनको व्याख्या गरी गरेको फैसला त्रुटिपूर्ण रहेको छ।आयोगको मिति २०७९/०३/१२ को निर्णयमा अनुप मेहरा र अनुप खत्री एउटै व्यक्ति हुन् भनी कही कतै उल्लेख गरेको नदेखिएको अवस्थामा अनुप मेहरा र अनुप खत्री एउटै व्यक्ति हुन् भनी भन्न मिल्ने देखिदैन। आयोगले मूलतबी राखेको विषयमा मुद्दा चलाउन सक्ने नै हुँदा मूलतबीमा राखेको आधारलिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ।<br>**ङ.** श्री नवलपरासी जिल्ला अदालतमा (मुद्दा नं. ०८०-C१-०१०६) समेत अनुप मेहरा समेत ५ जनालाई किर्ते (लिखत सम्बन्धी कसूर) मुद्दा दर्ता भई हाल उक्त मुद्दा विचाराधिन अवस्थामा रहेको देखिन्छ।उक्त किर्ते मुद्दा र यो भ्रष्टाचार मुद्दाको सुनुवाई गर्ने अदालतको क्षेत्राधिकार फरक फरक भएता पनि बिषय बस्तु एउटै हो। गैर-नेपाली नागरिकलाई नक्कली जग्गाधनी खडा गरी जग्गा बिक्री बितरण गरी भ्रष्टाचार गरेको मुद्दाको सम्बन्धमा गैर-नेपाली नागरिक अनुप मेहरालाई नेपाली नागरिक प्रेमशरण खत्रीको छोरा अनुपकुमार खत्री हो भनि गलत वंशावली र बसोबास प्रमाणित सम्बन्धी सर्जमिन मुचुल्का तयार गरी सिफारिस दिने कार्यमा संलग्न रहेका जिल्ला नवलपरासी (व.सु.प.) पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ का वडाअध्यक्ष ओम प्रकाश तेली, तत्कालीन वडा सदस्य नरेश प्रसाद बढई, रवि कुमार खत्री समेत विरुद्ध विशेष अदालतमा **(मुद्दा नं. ०८१-CR-००१६)** यस आयोगबाट मुद्दा दायर भई हाल उक्त मुद्दा विचाराधिन अवस्थामा रहेको छ।मूल मुद्दा( यस प्रस्तुत मुद्दालाई) असर पर्ने तारिकाले रवि कुमार खत्रीले दिएको निवेदनको आधारमा तत्कालीन वडा अध्यक्ष ओम प्रकाश तेली लगायतका व्यक्तिले मूल मुद्दा(यस प्रस्तुत मुद्दा) मिति २०७७/०३/२५ मा (मुद्दा नं. ०७६-CR-०४३८) आरोपपत्रसाथ विशेष अदालतमा दर्ता भए पश्चातको मिति २०७७/०४/२१ गतेमा अनुप मेहराको बसोबास र मिति २०७७/०५/२४ गतेमा अनुप मेहराको वंशावली प्रमाणितको कागजात सिर्जना गरी पेश गरेको देखिएबाट निज प्रतिवादी रबि कुमार खत्री लगायतका मानिसले मूल मुद्दालाई असर पुऱ्याउने उद्देश्यले उक्त कागजातहरु खडा गरेको पुष्टी हुन्छ। प्रस्तुत मुद्दाको आरोपपत्र मिति २०७७/०३/२५ मा (मुद्दा नं. ०७६-CR-०४३८) विशेष अदालतमा दर्ता भएको तथा यो मुद्दा दर्ता भए पश्चातको मिति २०७७/०४/२१ गतेमा अनुप मेहराको बसोबास र मिति २०७७/०५/२४ गतेमा अनुप मेहराको वंशावली प्रमाणितको कागजात सिर्जना गरी पेश गरेको देखिएबाट विशेष अदालतले मुद्दा दर्ता भए पश्चात खडा गरिएका कागतजातहरुको मिति एकिन गरी उक्त कागजातको प्रमाणीक मूल्य यकिन गर्नु पर्नेमा सो नगरी मुद्दा दायर भए पश्चात खडा गरीएको कागजातलाई प्रमाणमा ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतले गरेको फैसला त्रुटिपूर्ण रहेको।<br>**च.**हदबन्दी रोक्का राख्ने भूमिसुधार कार्यालय, नवलपरासीको २०२४ सालको निर्णयमा के भएको थियो भन्ने सम्बन्धमा उक्त निर्णय नै उक्त कार्यालयमा नभएको भन्ने देखिन्छ। निर्णय विना नै प्रतिवादी **ईश्वर प्रकाश कलवारले** हदबन्दी फुकुवाको कारवाही गरेको संवेदनशील पक्षलाई फैसलाले नजर अन्दाज गरेको देखिन्छ।२०५८ सालमा जग्गाको हदबन्दी सम्बन्धी व्यवस्था संशोधन भएकोमा प्रेमशरण खत्रीलाई मुली मानी हदबन्दीको कारबाही चलाउनुपर्नेमा निजको छोरा अनुप कुमार खत्रीलाई मुली मानी निजको छोरा र छोरी समेतलाई परिवार संख्या ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा १७ बमोजिमको कसुरमा बिगो रु. ५,०५,४२,०००।– (पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज खगेन्द्र पराजुलीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो असूल उपर हुन मागदावी लिइएको, **प्रतिवादी मनोहरप्रसाद पन्थिले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), सोही ऐनको दफा १७ र दफा ९ बमोजिमको कसुरमा बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज मनोहरप्रसाद पन्थिलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) र सोही ऐनको दफा ९ समेतको सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो असूल उपर हुन मागदावी लिइएको, **प्रतिवादी रमेशमान श्रेष्ठले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), सोही ऐनको दफा १७ र दफा ९ बमोजिमको कसुरमा बिगो रु.५,०५,४२,०००।- (पाँच | नसकेको आधारमा मात्र उक्त आरोप लगाएको पाइन्छ। यस अवस्थामा अन्यथा प्रमाणित नभएसम्म छोरी अंशिका खत्रीको अस्तित्व ईन्कारी गर्न मिल्ने देखिन आएन।<br>**घ.** अंशिकाका हकमासमेत परिवार कायम गरी भूमि सुधार अधिकारी र मालपोत अधिकृतसमेतबाट भएको निर्णय कानून अनुरुप नै रहे भएको देखिन आयो। यसरी, स्व. प्रेमशरण खत्रीको नाउँको विवादित जग्गाहरु कानून बमोजिम हदबन्दी भित्रैको देखिन आएकोले ती जग्गाहरुका सम्वन्धमा भएको हदबन्दी फुकुवा तथा अदलको महलको ३ नं. बमोजिम अन्यत्र हक हस्तान्तरण भएको कार्यले नेपाल सरकारको कुनै हानि नोक्सानी भएको देखिएन। विवादित कार्य जालसाजी वा किर्तेका तवरले भएको भए कानून बमोजिम सरकार वादी देवानी मुद्दाबाट नित्रयौल हुन सक्ने नै हुन्छ।<br>**ङ.** मोही लागेको जग्गा भएकोमा मोही सम्वन्धमा बोल्दै नबोली मोहीको हक नछुट्टयाई रजिष्ट्रेशन पारित गरिएको भन्ने आरोपको प्रश्न छ, प्रथमतः भूमि सुधार अधिकारी तथा मालपोत अधिकारी दुवैको निर्णयमा मोही लागेको जग्गा र नलागेको जग्गा भनी छुट्टयाईएको पाइन्छ भने हदबन्दी निर्धारण गर्दा पनि मोही भाग कटाएकै पाइन्छ। जग्गामा रहेको मोही हक जग्गाको हक हस्तान्तरण हुँदैमा जाने पनि हुँदैन। जग्गा धनी परिवर्तनसँगै जग्गामा रहेको मोहीयानी हकसमेत सर्ने हुन्छ। फेरी मोही हकको विषयमा दाबी गर्ने हकदैया नत उजुरकर्तामा हुन्छ नत वादीमा नै। मोही स्वयंले दाबी गरेका वखत सम्बन्धीत अधिकारीले कानून बमोजिम निर्णय गर्न सक्ने नै हुन्छ। यसैका आधारमा यस मुद्दाबाट वदनियत | (तीन) कायम गरी हदबन्दी रोक्का भएको जग्गा फुकुवा गर्ने निर्णय मिलेको देखिँदैन। जसको नाममा हदबन्दी रोक्का भएको छ, निजको उमेर पुगेका अंशियार बीचमा मात्र जग्गा कायम गर्न मिल्ने हो। हदबन्दी रोक्का भएको जग्गा दर्तावालाको पछिल्ला विभिन्न पुस्तासम्म गई हदबन्दीको कारबाही चलाउने भन्ने भूमि सम्बन्धी ऐनको मकशद (मनसाय) होइन।स्थानीय निकायहरुबाट अनुपकुमार खत्रीको नामबाट सिफारिसहरु बनाई निजको तीन पुस्ते अभिलेख समेतका नाता प्रमाणित कागजातहरु संलग्न गरेकोमा सम्पूर्ण कागजातहरुमा निज अनुपकुमार खत्री भारतीय नागरिक हो भन्ने व्यहोरा कहींकतै खुले खुलाएको देखिँदैन। निज अनुपकुमार खत्री जिल्ला नवलपरासी, गेरमी गा.वि.स. वडा नं. ९, गेरमीमा बस्ने भनी सिफारिस, सर्जमिन मुचुल्का लगायतका कागजातहरु बनाई भूमिसुधार कार्यालय, नवलपरासीबाट हदबन्दीको कारवाही मिति २०७३।०४।१८ मा टुंग्याएको देखिन्छ। जग्गाको हदबन्दी सम्बन्धी कारवाहीको सिलसिलामा जग्गावालासँग बयान गर्नु पर्नेमा सो नगरी निज अनुपकुमार खत्री भारतीय नागरिक रहेको तथ्यलाई नजरअन्दाज गरी निज अनुपकुमार खत्रीसँग बयान नलिई बदनियतपूर्ण योजनाका साथ निजको वारेस रवी कुमार खत्रीसँग मिति २०७३।०३।१९ गते बयान लिई सो को आधारमा हदबन्दीको कारवाही गरेको देखिँदा देखिदै सो तर्फ विशेष अदालतले कुनै विश्लेषण नै नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला त्रुटीपूर्ण रहेको।<br><br>**छ.**अनुप कुमार खत्री भन्ने व्यक्ति अनूप मेहरा हुन् भन्ने तथ्य नै स्थापित नभएको र बाबु आमा जीवित हुँदै बाजेको जग्गा नाति नातिनीमा सर्न नसक्ने तथ्य एकातर्फ छ भने अनुप कुमार खत्रीकी छोरी अंशिका खत्री अविवाहिता रहेको व्यहोराको स्थानीय निकायको सिफारिस तथा कार्यालयबाट खटिएको टोलीले गरेको स्थलगत सर्जमिन मुचुल्का समेतका आधारमा ३ (तीन) परिवार संख्या कायम गरेको भनी भूमिसुधार अधिकारीले दाबी लिएतापनि निज अंशिका खत्रीनै अस्तित्वमा भए नभएको यकिन नभएको, अनूप मेहराको छोरी अंशिका मेहरानै हुने हुँदा अनूप मेहराको छोरी अंशिका खत्री हुन नसक्ने, निज अंशिका मेहराको जन्म भारतमै भएको, भारतमै बसोबास गरेकोले निज विवाहिता/अविवाहिता वा निजको जन्म मिति यकिन नभएको, जन्म मिति सम्बन्धी भारतीय सरकारी निकायबाट कुनै पनि प्रमाणित कागजातहरु पेश गर्न नसकेको, भारतमै जन्मिहुर्की बसोबास गरेको व्यक्तिलाई नेपालको स्थानीय निकायले दिएको जन्म दर्ता, विवाह दर्ता, नाता प्रमाणित, मृत्यु दर्ता लगायतका कागजातहरुको पुष्टि हुने आधार समेत देखिँदैन।गरेमी गाउँ विकास समितिको कार्यालय, नवलपरासीको च.नं. ५७ मिति २०७३।०४।१६ गतेको पत्रानुसार अनुप कुमार खत्री र रेनु खत्रीको छोराको जन्म २०३९।४।१२ (सन् १९८२ जुलाई २७) गते वर्ष ३४ को अंकुर खत्री र निजहरु अनुप कुमार खत्री र रेनु खत्रीको छोरीको जन्म २०३६।२।१५ (सन् १९७९ मे २९) गते वर्ष ३७ की अंशिका खत्री यी दुईजना एक छोरा र एक छोरी रहेको व्यहोरा सिफारिससाथ अनुरोध गरिन्छ भनी लेखेको भएता पनि मालपोत कार्यालय, नवलपरासीबाट प्राप्त मिसिल संलग्न पारिवारिक विवरणमा भने अंकुर मेहराको जन्म सन् १९८४ र अंशिका मेहराको जन्म सन् १९८५ उल्लेख गरेको देखिँदा निजहरुको जन्म मिति समेत फरक फरक पाइएकोले एकै व्यक्ति हो भन्ने पनि पुष्टि भएको नदेखिएको अवस्थामा विशेष अदालतले सो तर्फ कुनै विश्लेषण नै नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला त्रुटीपूर्ण रहेको।<br><br>**ज.** भ्रष्टाचार जस्तो फौजदारी कसूरमा बदनियत तत्व कसूरदारले गरेको कार्यबाट नै पहिचान हुने हो। प्रस्तुत मुद्दामा वि.सं. २०२४ सालमा नै हदबन्दी सम्बन्धी कारवाही टुंगो लागेकोमा सो कारवाही पश्चात स्व. प्रेमशरण खत्रीको नाममा श्रेष्ता कायम भई निजले प्राप्त गरेको जग्गा निजको छोरा भनिएको अनुप कुमार खत्री हाल अस्तित्वमा रहे/नरहेको सम्बन्धमा यकिन नगरी निज अनुप कुमार खत्रीसँग समेत बयान नगरी निजका वारेस भनिएका रवी कुमार खत्रीसँग बयान लिई स्थानीय निकायद्वारा गरिएका विभिन्न गलत सिफारिसहरु समेतलाई ग्रहण गरी सो जग्गाहरुका सम्बन्धमा कायम रहेका मोहीहरुलाई समेत नबुझी निज रवी कुमार खत्रीसँगको मिलेमतोमा स्थलगत जाँचबुझ नगरी भारतमा बसोबास गर्ने अनूप मेहरालाई नेपालको नवलपरासी जिल्ला गेरमी गा.वि.स. वडा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | करोड पाँच लाख बयालिस हजार) कायम गरी निज रमेशमान श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) र सोही ऐनको दफा ९ समेतको सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो असूल उपर हुनसमेत मागदावी लिइएको, **प्रतिवादी सुवास खड्काले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), सोही ऐनको दफा १७ दफा ९ बमोजिमको कसुरमा बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज सुवास खड्कालाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) र सोही ऐनको दफा ९ समेतको सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो असूल उपर हुनसमेत मागदावी लिइएको, **प्रतिवादी अमृतकुमार काम्मु मगरले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज), सोही ऐनको दफा १७ र दफा ९ बमोजिमको कसुरमा बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालिस हजार) कायम | रहेको भनी मान्न मिलेन।<br>**च.** प्रेमशरण खत्रीको दर्ता श्रेस्ताको जग्गाको हक कायम तर्फ वादी नेपाल सरकारको दाबी रहेको नदेखिएको एवं दाबी परेका बखत प्रचलित कानून बमोजिम प्रमाण बुझी निर्णय गर्न बाधा नपर्ने अवस्थामा प्रेमशरण खत्रीको छोरा अनुप मेहरा भन्ने अनुपकुमार खत्री रहेको भनी स्थानीय गेरमी गाउँ विकास समितिका सचिवले दिएको नाता प्रमाणित कागज ग्रहण गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०७९।०३।१२ मा नि.नं. ८९३ को निर्णय गरेबाट दावीको नाता प्रमाणित, मृत्यु दर्ता प्रमाण- पत्रहरु झुट्टा रहेको आरोप दाबी खण्डित हुन पुगेको,<br>**छ.** प्रतिवादी अनुप मेहरा र अनुपकुमार खत्री फरक व्यक्ति हुन् भनी लिएको दाबी मिसिल संलग्न नाता प्रमाणित कागज, भूमि सुधार ७नं. फाँटबारी, पारिवारिक लगत, १नं. मोही लगत, गेरमी गाउँ विकास समितिबाट मिति २०७३।०५। २७ मा गरेको सिफारिस, जग्गाको मोहीहरु सह-प्रतिवादीहरुको बयान एवं परिवार भित्रका सह-प्रतिवादी रवीकुमार खत्रीको बयानसमेतबाट प्रतिवादी अनुप मेहरा र अनुपकुमार खत्री फरक व्यक्ति रहेको वादी दाबी पुष्टि हुन नसकेको,<br>**ज.**प्रेमशरण खत्रीको जग्गाको हकवाला अनुपकुमार खत्री रहेको तथ्य वादी दावीमा नै स्वीकार गरिएको अवस्था रही दावीको जग्गामा नेपाल सरकारको हक भोग नरही व्यक्ति विशेषको हक भोगको देखिएको अवस्थामा भूमि सुधार कार्यालयबाट भएको मिति २०७३।०४।१८ मा जग्गा हदबन्दी फुकुवा गर्ने निर्णय, मालपोत कार्यालयबाट भएको जग्गाको हक हस्तान्तरण गर्न स्वीकृति दिने मिति २०७३। ०९। ०६ | नं. ९ बस्ने अनुप कुमार खत्री बनाई विभिन्न सिफारिसहरु लिने रवी कुमार खत्रीसँग प्रत्यक्ष मिलोमतो गरी अस्तित्वमा नरहेका व्यक्तिहरुको समेत परिवार संख्या कायम गरी बदनियतपूर्ण तरिकाले हदबन्दी सम्बन्धी निर्णय गर्ने भूमिसुधार कार्यालय, नवलपरासीमा भूमिसुधार अधिकारी पदमा कार्यरत **प्रतिवादी ईश्वर प्रकाश कलवारले** २०२४ सालको हदबन्दी सम्बन्धी निर्णयका कागजातहरु लुकाई छिपाई नष्ट गरी हदबन्दी सम्बन्धी कानूनको बर्खिलाप हुने गरी हदबन्दीबाट नेपाल सरकारको नाममा आउनुपर्ने सम्पूर्ण जग्गाहरुसमेत व्यक्ति विशेषको नाममा हुने निर्णय गरी नेपाल सरकारलाई हानी नोक्सानी एवं अनधिकृत व्यक्ति विशेषलाई गैर कानूनी लाभ पुर्याई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको अवस्थामा यी यस्ता तथ्य र प्रमाणहरुलाई न्यायको रोहमा विशेष अदालतले फैसलामा विश्लेषण भएको नदेखिदा उक्त फैसला त्रुटिपूर्ण रहेको ।<br><br>**झ.**मिति २०७३।०२।१८ मा अनुप कुमार खत्रीको वारेस रवी कुमार खत्रीले भूमिसुधार कार्यालय, नवलपरासीमा दिएको विवेदन उपर कारवाही गर्ने क्रममा जग्गा धनी प्रेमशरण खत्रीको नाउँको मोही नलागेको जग्गा जम्मा १५-५-७.२५, मोही लागेको दर्ता भएको जग्गा २२-१४-० को मोहीको आधा भाग घटाई बाँकी जग्गा जम्मा ११-७-० र मोही लागेको दर्ता नभएको जग्गा १-९-११ को मोहीको आधा भाग घटाई बाँकी जग्गा जम्मा ०-१४-१५.५ गरी जग्गा धनी प्रेमशरण खत्रीले राख्न पाउने जग्गा जम्मा २७-७-२.७५ भएको देखिन्छ। निवेदकको माग बमोजिम जम्मा ३ (तीन) परिवार कायम भएको देखिएकोले एक परिवारको ११ (एघार) बिगहाको दरले अधिकतम जम्मा ३३ (तेत्तीस) बिगहा राख्न पाउने भएकोमा जग्गा धनीले राख्न पाउने जग्गा जम्मा २७-७-२.७५ अधिकतम हद भित्रै देखिएको भनी भूमिसुधार कार्यालय, नवलपरासीमा हदबन्दी फाँटमा खरिदार पदमा कार्यरत प्रतिवादी **नेत्र बहादुर चौधरी थारुले** निवेदकले माग दावी गरेको जग्गाको हदबन्दी सम्बन्धी अभिलेख भिडाई मिति २०७३।०३।१३ गते प्रतिवेदन पेश गरेको देखिन्छ।प्रेमशरण खत्रीको एक मात्र छोरा अनुप कुमार खत्री हुन्। अनुप कुमार खत्रीका अं. वर्ष ३४ का एक छोरा अंकुर खत्री र अं. वर्ष ३७ की छोरी अंशिका खत्री हुन् र निज छोरी हालसम्म अविवाहित रहेको भनी अनुप कुमार खत्रीको वारेस रवी कुमार खत्री र गेरमी गा.वि.स. को कार्यालयका गा.वि.स. सचिव नन्द लाल कुम्हाल कोहार समेतलाई रोहवरमा बसी बसाई भूमिसुधार कार्यालय, नवलपरासीमा हदबन्दी फाँटमा खरिदार पदमा कार्यरत **प्रतिवादी नेत्र बहादुर चौधरी थारुले** मिति २०७३।०४।११ गते सर्जमिन मुचुल्का पेश गरेको देखिन्छ। यसरी, अन्य प्रतिवादीहरुको मिलोमतोमा यी प्रतिवादीले स्व. प्रेमशरण खत्री आफ्नो बाल्यकालमा नै भारत, दिल्लीमा गई बसोबास गरी भारत मै विवाह गरेको, त्यसपछि नेपाल नआएको, निजको छोराछोरी, परिवार के कति भन्ने यकिन खुल्न नआएको सन्दर्भमा वारेस रवी कुमार खत्री र गेरमी गा.वि.स. सचिव नन्द लाल कुम्हाल कोहार समेतको संलग्नतामा गलत सूचना ग्रहण गरी सर्जमिन मुचुल्का समेत बनाई, भूमिसुधार कार्यालय, नवलपरासीको हदबन्दी फाँटमा कार्यरत रही हदबन्दी फुकुवाको लागि टिप्पणी पेश गरेको, २०२४ सालको हदबन्दी सम्बन्धी निर्णयका कागजातहरु लुकाई छिपाई नष्ट गरी हदबन्दी सम्बन्धी कानूनको बर्खिलाप हुने गरी हदबन्दीबाट नेपाल सरकारको नाममा आउनुपर्ने सम्पूर्ण जग्गाहरु समेत व्यक्ति विशेषको नाममा हुने गरी गरेको निर्णयमा समेत संलग्न रही नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याई अनधिकृत व्यक्ति विशेषलाई गैर कानूनी लाभ पुर्याई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको अवस्थामा यी यस्ता तथ्य र प्रमाणहरुलाई न्यायको रोहमा विशेष अदालतले फैसलामा विश्लेषण गरेको नदेखिदा उक्त फैसला त्रुटिपूर्ण रहेको ।<br><br>**ञ.** मालपोत कार्यालय, परासी, नवलपरासीबाट मिति २०७३।०७।१२ गते सर्जमिन बुझ्दा मृतक प्रेमशरण खत्रीको एक मात्र छोरा अनुप कुमार खत्री रहेको, निजले हालसम्म नेपाली नागरिकता नलिएको भन्ने समेतको व्यहोरा उल्लेख भएको र निवेदकले पेश गरेको स्थायी बसोबासको प्रमाणपत्र, राशन कार्ड, पहिचान पत्र, e-stamp पत्र, भारतीय निर्वाचन आयोगको पहिचान पत्र, अधिकार पत्र, पारिवारिक विवरण, गा.वि.स. कार्यालय गेरमीबाट प्राप्त नाता प्रमाणित, मृत्युदर्ता प्रमाणपत्र, छोरी अविवाहित रहेको प्रमाणित सिफारिस र गा.वि.स. गेरमीको च.नं. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी निज अमृतकुमार काम्मु मगरलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा १७ मा उल्लेख भए अनुसार सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) र सोही ऐनको दफा ९ समेतको सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी भएको बिगो असूल उपर हुनसमेत मागदावी लिइएको, **प्रतिवादी नन्दलाल दासले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र सोही ऐनको दफा ८ को उपदफा (३) वमोजिमको कसुरमा बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज तत्कालिन गा.वि.स. सचिव नन्दलाल दासलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र सोही ऐनको दफा ८ को उपदफा (३) वमोजिमको सजायको मागदावी लिइएको, **प्रतिवादी बुद्दिसागर सुवेदीले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ र सोही ऐनको दफा ८ को उपदफा (३) वमोजिमको कसुर गरेको देखिँदा लिखत मूल्य अनुसारको रकम बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज तत्कालिन गा.वि.स. सचिव बुद्दिसागर सुवेदीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र सोही ऐनको दफा ८ को उपदफा (३) वमोजिमको सजायको मागदावी लिइएको, **प्रतिवादी नन्दलाल कुम्हाल कोहारले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ | को निर्णय एवं मिति २०७३। ०९। २४ र ऐ. २५ मा पारित राजिनामा रजिष्ट्रेशनसमेतको कार्यमा प्रतिवादीहरुको वनदियत रहेको पुष्टि हुन सकेन | १३५ मिति २०७३।०५।२७ को सिफारिस समेतमा निज निवेदकले नेपाली नागरिकता नलिएको र भारतको नयाँ दिल्लीमा बसोबास गर्ने हुँदा विदेशी नागरिकको हैसियतले मृतक प्रेमशरण खत्रीको हकवाला एक मात्र छोरा अनुप कुमार खत्री भएको किटानी सिफारिस समेत रहेको देखिँदा मृतक प्रेमशरण खत्रीको नाममा रहेको जग्गा मिसिल साथ पेश भएका मृत्युदर्ता प्रमाण पत्र, नाता प्रमाणित, गा.वि.स.को सिफारिस, भारतीय सरकारबाट प्राप्त राशन कार्ड, निर्वाचन आयोगको पहिचान पत्र, पारिवारिक विवरण समेतका आधारमा मोही लागेका कित्ता जग्गाहरु विक्री वितरण हुँदा भूमिसुधार कार्यालय, नवलपरासीबाट मोही कट्टा नभए सम्म मोही यथावत रहने गरी निवेदक अनुप कुमार खत्रीलाई मुलुकी ऐन, २०२० को अदलको ३ नं. बमोजिम नेपाली नागरिकलाई बेच विखन गर्न एवं अन्य व्यहोराबाट हक हस्तान्तरण गर्न अनुमति दिन मनासिब देखिएकोले जम्मा कित्ता संख्या ६८ को ज.वि. ३४-१०-८ १/४ मध्ये मोही लागेको ज.वि. २२-१४-० जग्गामा मोहीको भाग ११-७-० कटाई बाँकी ज.वि. २३-३-८.२५ हुने हुँदा भूमिसुधार कार्यालय, नवलपरासीको पत्रानुसार ३ परिवारको हदबन्दी भित्रै रहेको देखिएको हुँदा बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न स्वीकृत भनी मालपोत कार्यालय, परासी, नवलपरासीका प्रमुख मालपोत अधिकृत **प्रतिवादी टीकाराम ज्ञवालीले मिति २०७३।०९।०६ गते टिप्पणी स्वीकृत गरेको देखिन्छ।** प्रस्तुत मुद्दामा प्रतिवादी टीकाराम ज्ञवालीले भारतीय राशन कार्ड लगायतका पेश भएका कागजातहरुमा पि.एस. मेहराको छोरा अनुप मेहरा भनी स्पष्ट रुपमा थर फरक परेको अवस्थामा एवं अनुप कुमार खत्री र अनूप मेहरा एकै व्यक्ति हुन् भन्ने आधार प्रमाण बिना नै उल्लिखित जग्गाहरु अनूप मेहरालाई बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न स्वीकृत दिएको, निवेदक सही/गलत के हो भनी यकिन हुने प्रमाण कागजातहरु संलग्न नरहेकै अवस्थामा निवेदककै अनुकूल हुने गरी नेपाल सरकारको नाममा आउनुपर्ने सम्पूर्ण जग्गाहरुसमेत व्यक्ति विशेषलाई बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न स्विकृती दिने निर्णय गरी नेपाल सरकारलाई हानी नोक्सानी एवं अनधिकृत व्यक्ति विशेषलाई गैर कानूनी लाभ पुऱ्याई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको अवस्थामा यी यस्ता तथ्य र प्रमाणहरुलाई न्यायको रोहमा विशेष अदालतले फैसलामा विश्लेषण भएको नदेखिदा उक्त फैसला त्रुटिपूर्ण रहेको ।<br><br>**ट. प्रतिवादीहरु बुद्दी सागर तिवारी र खगेन्द्र पराजुलीले** भारतीय राशन कार्ड लगायतका पेश भएका कागजातहरुमा पि.एस. मेहराको छोरा अनूप मेहरा भनि स्पष्ट रुपमा थर फरक परेको अवस्थामा एवं अनुप कुमार खत्री र अनूप मेहरा एकै व्यक्ति हुन् भन्ने आधार प्रमाण विना नै उल्लिखित जग्गाहरु अनूप मेहरालाई बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न निवेदक सही/गलत के हो भनि यकिन हुने प्रमाण कागजातहरु संलग्न नरहेकै अवस्थामा निवेदककै अनुकूल हुने गरी नेपाल सरकारको नाममा आउनुपर्ने सम्पूर्ण जग्गाहरुसमेत व्यक्ति विशेषलाई बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न स्वीकृति दिने रायका साथ मिति २०७३।०९।०६ मा टिप्पणी पेश गरी कार्यालय प्रमुखबाट सदर गराई उल्लिखित जग्गाहरु अनधिकृत व्यक्तिबाट बेचबिखन गराई नेपाल सरकारलाई हानी नोक्सानी एवं अनधिकृत व्यक्ति विशेषलाई गैर कानूनी लाभ पुऱ्याई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको अवस्थामा यी यस्ता तथ्य र प्रमाणहरुलाई न्यायको रोहमा विशेष अदालतले फैसलामा विश्लेषण भएको नदेखिएको।<br><br>**ठ.प्रतिवादी मनोहर प्रसाद पन्थीले** रजिष्ट्रेशन पारित गर्दा पेश गर्नुपर्ने प्रमाण कागजहरुका सम्बन्धमा जग्गा प्रशासन कार्यविधि, २०६० को भाग-१ को परिच्छेद-१ को बुँदा नं. ३.१२ मा विदेशी नागरिकले हक हस्तान्तरण गर्नेमा जग्गा रहेको स्थानीय निकाय र निजको बसोबास रहेको मुलुकको स्थानीय निकायबाट फोटोसहित राखी प्रमाणित गरेको सिफारिस पेश गर्नुपर्नेमा सो बमोजिमको सिफारिस संलग्न नभएकै अवस्थामा मुद्दा फाँटको निर्णय कार्यान्वयन गरेको भनी भारतीय नागरिक अनूप मेहराबाट उल्लिखित जग्गाहरु बिक्री बितरण गराएको, भूमिसुधार कार्यालयले हदबन्दीको कारवाही गर्दा अनुप कुमार खत्री, अंकुर खत्री र अंशिका खत्री गरी तीन परिवार संख्या कायम गरेकोमा अंकुर खत्री र अंशिका खत्री मालपोत कार्यालयमा उपस्थित नभएको तथा निजहरु अस्तित्व मै नरहेको, अनुप कुमार खत्रीको नामबाट मात्रै सम्पूर्ण जग्गाहरुको रजिष्ट्रेशन पारित गरेको, अनूप मेहरा र अनुप कुमार खत्री एकै व्यक्ति नभएको अवस्थामा समेत हकवाला यकिन नगरी सम्पूर्ण जग्गाहरु रजिष्ट्रेशन पारित गरिदिएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | र सोही ऐनको दफा ८ को उपदफा (३) वमोजिमको कसुर गरेको देखिँदा लिखत मूल्य अनुसारको रकम बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज तत्कालिन गा.वि.स. सचिव नन्दलाल कुम्हाल कोहारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र सोही ऐनको दफा ८ को उपदफा (३) वमोजिमको सजायको मागदावी लिइएको, **प्रतिवादी रविकुमार खत्रीले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) को कसुरमा बिगो रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालिस हजार) कायम गरी निज रविकुमार खत्रीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) वमोजिम सजाय गरी हानी नोक्सानी गरेको विगोसमेत सोही दफा ८ को उपदफा (४) बमोजिम विगो असुल गरी जफत हुन मागदावी लिइएको, **देवेन्द्रसिंह सैथवार, आसकुमार सैथवार, बृजमनि सैथवार, ईन्द्रावती सैथवार, अमनसिंह सैथवार (नावालक) को हकमा निजको संरक्षक आसकुमार सैथवार, तेजप्रतापसिंह सैथवार (नावालक) को हकमा निजको संरक्षक आशकुमार सैथवार, रितु कुमारी सैथवार, शिवलाल चमार, परदिप सुनार, तेजश्व सोनकर, पूर्णिमा कुमारी बर्मा सुनार र प्रियंका कुमारी बर्मालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र सोही ऐनको दफा ४७ | | भूमिसुधार कार्यालयले मोहीको भाग छुट्याई गरेको निर्णयका आधारमा हक हस्तान्तरण गरेको भनिएता पनि निजले सो कार्यालयको निर्णय बमोजिमका मोही कायम नगरी मोहीको भाग समेत अनाधिकृत व्यक्तिबाट बिक्री वितरण गरी गराई गलत लिखत तयार पारी नेपाल सरकारलाई हानी नोक्सानी पुर्‍याई अनाधिकृत व्यक्ति विशेषलाई गैर-कानूनी लाभ पुर्‍याई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको अवस्थामा यी यस्ता तथ्य र प्रमाणहरुलाई न्यायको रोहमा विशेष अदालतको फैसलामा विश्लेषण भएको पाइएन।<br><br>**ड.प्रतिवादी रमेशमान श्रेष्ठले भू**मिसुधार कार्यालयबाट निर्णय भई आएका मोहीहरुको विवरण सम्बन्धमा यकिन नगरेको, लिखतमा मोही कायम नगरी उक्त लिखत पारित गर्न पेश गरेको, पि.एस. मेहराको छोरा अनूप मेहराले आफू प्रेमशरण खत्रीको छोरा अनुप कुमार खत्री भएको भनी आधिकारिक प्रमाण कागज पेश नगरेको अवस्थामा निजले प्रेमशरण खत्रीको मोठ भिडाई भूमिसुधार कार्यालयले मोहीको भाग छुट्याई गरेको निर्णयका आधारमा हक हस्तान्तरण गरेको भएता पनि निजले लिखतमा मोही कायम नगरी मोहीको भागसमेत अनाधिकृत व्यक्तिबाट बिक्री वितरण गरी गराई गलत लिखत तयार पारी नेपाल सरकारलाई हानी नोक्सानी पुर्‍याई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको अवस्थामा विशेष अदालतले सो तर्फ विश्लेषण नै नगरी गरेको फैसला त्रुटिपूर्ण रहेको देखिने।<br><br>**ढ.प्रतिवादी सुबास खड्काले** भूमिसुधार कार्यालयबाट निर्णय भई आएका मोहीहरुको विवरण यकिन नगरेको, लिखतमा मोही कायम नगरी उक्त लिखत पारितका लागि पेश गरेको, पि.एस. मेहराको छोरा अनूप मेहराले आफू प्रेमशरण खत्रीका छोरा अनुप कुमार खत्री भएको भनी आधिकारिक प्रमाण कागज पेश नगरेको अवस्थामा निजले प्रेमशरण खत्रीको नामको जग्गा भिडाई भूमिसुधार कार्यालयले मोहीको भाग छुट्याई गरेको निर्णयका आधारमा हक हस्तान्तरण गरेको भएता पनि मालपोत कार्यालयले लिखतमा धेरैजसो मोही कायम नगरी मोहीको भाग समेत अनाधिकृत व्यक्तिबाट बिक्री वितरण गरी गराई गलत लिखत तयार पारी नेपाल सरकारलाई हानी नोक्सानी पुर्‍याई अनाधिकृत व्यक्ति विशेषलाई गैर-कानूनी लाभ पुर्‍याई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको ।<br><br>**ण.प्रतिवादी अमृत कुमार काम्मु मगरले** मालपोत कार्यालयको रजिष्ट्रेशन फाँटमा तत्कालीन खरिदार पदमा कार्यरत रहेकोमा हकवाला यकिन हुने कागजातहरु संलग्न नरहेकै अवस्थामा रजिष्ट्रेशन पारितको लागि लिखत पेश गरेको र राजश्व रकम बुझिलिएको, रजिष्ट्रेशन पारित गर्दा पेश गर्नुपर्ने प्रमाण कागजहरुका सम्बन्धमा जग्गा प्रशासन कार्यविधि, २०६० को भाग-१ को परिच्छेद-१ को बुँदा नं. ३.१२ मा विदेशी नागरिकले हक हस्तान्तरण गर्नेमा जग्गा रहेको स्थानीय निकाय र निजको बसोबास रहेको मुलुकको स्थानीय निकायबाट फोटोसहित राखी प्रमाणित गरेको सिफारिस पेश भए पश्चात मात्र लिखत पारितको लागि पेश गर्नुपर्नेमा सो नगरी निजले लिखत पारितको लागि पेश गरेको देखिएको र रजिष्ट्रेशन रकमसमेत बुझिलिएको भनि आयोग समक्ष बयानका क्रममा खुलाई लेखिदिएको देखिएकोले अनाधिकृत व्यक्तिबाट बिक्री वितरण गरी गराई गलत लिखत तयार पारी नेपाल सरकारलाई हानी नोक्सानी पुर्‍याई अनाधिकृत व्यक्ति विशेषलाई गैर-कानूनी लाभ पुर्‍याई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको अवस्थामा विशेष अदालतले सो तर्फ विश्लेषण नै नगरी गरेको फैसला त्रुटिपूर्ण रहेको छ।<br><br>**त.**स्थानीय पञ्जिकाधिकारीले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ बमोजिम नेपालमा रहेका स्थानीय निकायमा जन्मेका, मृत्यु भएका तथा स्थानीय स्तरमा भएका घटनाहरुको मात्र अभिलेख राख्ने, सिफारिस दिने, प्रमाणपत्र बनाई दिने लगायतका जिम्मेवारी रहेको हुन्छ। त्यस्ता सम्पूर्ण घटनाहरु अभिलेखका आधारमा, स्थानीय व्यक्तिहरुसँग बुझी गरिएको सर्जमिन मुचुल्काको आधारमा प्रत्येक स्थानीय पञ्जिकाधिकारीले सम्बन्धीत व्यक्तिलाई दिई कार्यालयमा समेत अभिलेख राख्ने जिम्मेवारी भएकोमा विदेशमा रहेका विदेशी नागरिकहरुको सम्बन्धमा कुनै स्थानीय निकायले पनि त्यस्ता सिफारिस गर्ने, प्रमाणपत्र दिने लगायतका कार्यहरु कानून बमोजिम मिल्ने देखिँदैन। २०२२ सालमा तयार भएको ७ नं. फाँटवारीमा प्रेमशरण खत्रीको उमेर ३९ वर्ष लेखिएको हुँदा यदी प्रेमशरण खत्रीको मृत्यु २०६१ सालमै भएको भए निजको सो बेला निजको उमेर ७८ वर्ष हुनुपर्नेमा मृत्युदर्ता प्रमाणपत्रमा ८२ वर्ष उल्लेख भएको देखिएबाट स्थानीय पञ्जिकाधिकारीले दिएको मृत्युदर्ताको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बमोजिम जग्गा जफत गर्ने प्रयोजनका लागि मात्र निजहरुलाई प्रतिवादी कायम गर्न मागदावी लिइएको, **प्रतिवादी अनुप मेहराले** प्रतिवादीहरू ईश्वरप्रकाश कलवार, नेत्रबहादुर चौधरी, टिकाराम ज्ञवाली, बुद्दिसागर तिवारी, खगेन्द्र पराजुली, मनोहरप्रसाद पन्थी, सुवास खड्का, रमेशमान श्रेष्ठ तथा अमृतकुमार काम्मु मगर समेतको भ्रष्टाचारजन्य कार्यमा रकम सम्पत्ति लिने खाने किसिमको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ (ज) र ऐ. ऐ. को दफा १७, दफा ९ र दफा १२ वमोजिमको कसुरको सम्पत्ति लिने खाने प्रकारको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्याशं वमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ (ज), दफा १७, दफा ९ र दफा १२ वमोजिम हुने सजायलाई आधार मानी बिगो रु.५,०५,४२,०००।- (पाँच करोड पाँच लाख बयालिस हजार रुपैया) कायम गरी माथि उल्लिखित मुख्य प्रतिवादीहरू तथा मूल अभियोगमा कसुर तथा सजायको मागदावी लिईएका प्रतिवादीहरूलाई हुने सजाय सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्याशं वमोजिमको कसुरमा सजाय हुन र उक्त जग्गाहरुमा कायम रहेको मोहियानी हक सुरक्षित हुने गरी नेपाल सरकारको नाममा कायम हुन विशेष अदालत ऐन, २०५९ को दफा ९ समेतका | | सिफारिससमेत सहि छ भन्ने देखिँदैन।प्रेमशरण खत्री भन्ने व्यक्ति प्रेमशरण मेहरा हो/होईन यकिन नै नभएको, भारतमै बसोबास गर्ने, भारतीय नागरिकता लिएको, के कुन स्थानमा के कुन मितिमा के कसरी मृत्यु भयो भन्ने जानकारी नभएको र विदेशी नागरिकको हकमा जानकारी राख्नै पर्ने अवस्था नभएकोले प्रेमशरण खत्री भनिने विदेशी नागरिकको मृत्यु गेरमी गा.वि.स. मा भएको भनी मिति २०६८।०५।०५ गते दर्ता नं. १३ दर्ता मिति २०६८।०५।०५ मा जानकी दासको नाति, राजनारायण खत्रीको छोरा, कमलादेवी खत्रीको पति जिल्ला नवलपरासी गेरमीमा बस्ने वर्ष ८२ को प्रेमशरण खत्रीको मिति २०६१।०५।०५ गते मृत्यु भएको हो भनी त्यसको सात वर्ष पछाडि अर्थात मिति २०६८।०५।०५ मा मृत्यु भएको भनी स्थानीय पञ्जिकाधिकारी **प्रतिवादी नन्दलाल दासले** गलत किसिमले विदेशी नागरिकको मृत्यु दर्ताको प्रमाण पत्र दिएको देखिन्छ।यी प्रतिवादीले भारतीय नागरिकलाई नेपालको स्थानीय निकायबाट मृत्यु दर्ताको प्रमाणपत्र दिई भारतीय नागरिकबाट आफ्नो हकभोग नपुग्ने जग्गा बिक्री वितरण गर्नका लागि अनाधिकृत कागजातहरु बनाई आफ्नो पद र कार्यालयको दुरुपयोग समेत गरी गलत लिखत तयार गरी सो समेतका आधारमा भूमिसुधार कार्यालय, नवलपरासीको मिति २०७३।०४।१८ को निर्णय र मालपोत कार्यालय, नवलपरासीको मिति २०७३।०९।०६ समेतको निर्णयबाट नेपाल सरकारको नाममा कायम हुनुपर्ने जग्गा व्यक्ति विशेषलाई बेचबिखन तथा हक हस्तान्तरण हुन गई नेपाल सरकारलाई हानी नोक्सानी एवं अनाधिकृत व्यक्ति विशेषलाई गैर-कानूनी लाभ पुऱ्याई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको अवस्थामा यी यस्ता तथ्य र प्रमाणहरुलाई न्यायको रोहमा विशेष अदालतले फैसलामा विश्लेषण गरेको नदेखिदा उक्त फैसला त्रुटिपूर्ण रहेको छ।<br><br>**थ.**मिति २०७१।०९।०७ गते स्थानीय पञ्जिकाधिकारीको कार्यालय गेरमी नवलपरासीबाट स्थानीय पञ्जिकाधिकारी **प्रतिवादी बुद्दिसागर सुवेदीले** रवी कुमार खत्रीले भरेको अनुसूची-३ को सूचना फाराम बमोजिम देवी प्रसाद खन्नाको नातिनी, कैलाश खन्नाको छोरी, प्रेमशरण खत्रीको पत्नी, नवलपरासी जिल्ला गेरमी वडा नं. ९ मा बस्ने कमला खत्रीको मिति २०७०।१२।०४ (२०१४।०३।१८ ई.स.) गेरमी गा.वि.स. वार्ड नं. ९ मा मृत्यु भएको हो भनी गलत मृत्यु दर्ताको प्रमाण पत्र दिई भारतीय नागरिकबाट आफ्नो हकभोग नपुग्ने जग्गा बिक्री वितरण गर्नका लागि अनाधिकृत कागजातहरु बनाई आफ्नो पद र कार्यालयको दुरुपयोग समेत गरी गलत लिखत तयार गरी सो समेतका आधारमा भूमिसुधार कार्यालय, नवलपरासीको मिति २०७३।०४।१८ को निर्णय र मालपोत कार्यालय, नवलपरासीको मिति २०७३।०९।०६ समेतको निर्णयबाट नेपाल सरकारको नाममा कायम हुनुपर्ने जग्गा व्यक्ति विशेषलाई बेचबिखन तथा हक हस्तान्तरण हुन गई नेपाल सरकारलाई हानी नोक्सानी एवं अनाधिकृत व्यक्ति विशेषलाई गैर-कानूनी लाभ हुने गरी भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको देखिएको ।<br><br>**द.**जिल्ला नवलपरासी, गेरमी गा.वि.स. मा तत्काल कार्यरत गा.वि.स. सचिव **प्रतिवादी नन्द लाल कुम्हाल कोहारले** गेरमी गाउँ विकास समितिको कार्यालय, नवलपरासीबाट मिति २०७३।०३।२८ मा अंशिका खत्रीको विवाह अहिलेसम्म नभएको गलत सिफारिस गरिदिएको, निजले नै मिति २०७३।०३।२८ मा अनुप कुमार खत्री, श्रीमति रेनु खत्री, अंकुर खत्री र अंशिका खत्री बीचको गलत नाता प्रमाणित गरिदिएको, श्री गेरमी गाउँ विकास समितिको कार्यालयको च.नं. १३५ मिति २०७३।०५।२७ मा स्व. प्रेमशरण खत्रीको नाममा दर्ता रहेको सनई गा.वि.स. अन्तर्गत कित्ता नं. १२१ देखि ३५९ कित्ता संख्या ७७ हकदारको हैसियतले नियमानुसार विक्री वितरण प्रक्रिया अगाडि बढाई दिनु हुनका लागि भारतीय नागरिक अनूप मेहरा एवं निजको परिवारलाई अनुप कुमार खत्री एवं निजको परिवार भनी निजहरुको फोटो समेत टाँस गरी गलत नाता प्रमाणित एवं सिफारिस गरेको, निजले नै आफू गेरमी गा.वि.स. को सचिव रहेकोमा सनई गा.वि.स.मा रहेका जग्गाहरु बिक्री बितरणका लागि मालपोत कार्यालयलाई सिफारिस बनाई दिएको बयानका क्रममा खुलाई लेखिदिएबाट निजले आफ्नो क्षेत्राधिकार बाहिर गई सिफारिस दिएको प्रमाणित हुन आएकोले नेपाल सरकारलाई हानि नोक्सानी पुर्याउने बदनियलते गलत लिखत तयार पारी सो समेतका आधारमा भूमिसुधार कार्यालय, नवलपरासीको मिति २०७३।०४।१८ को निर्णय र मालपोत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आधारमा थप अभियोगपत्र सहितको मागदाबी लिईएको | | कार्यालय, नवलपरासीको मिति २०७३।०९।०६ समेतको निर्णयबाट नेपाल सरकारको नाममा कायम हुनुपर्ने जग्गा व्यक्ति विशेषलाई बेचबिखन तथा हक हस्तान्तरण हुन गई नेपाल सरकारलाई हानी नोक्सानी एवं अनाधिकृत व्यक्ति विशेषलाई गैर-कानूनी लाभ हुने गरी भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको अवस्थामा विशेष अदालतले सो तर्फ विश्लेषण नै नगरी गरेको फैसला त्रुटिपूर्ण रहेको ।<br><br>**ध.**अनुप कुमार खत्रीको नामबाट साधारण वारेसनामा लिई हदबन्दी रोक्का रहेका स्व. प्रेमशरण खत्रीको नाममा रहेका जग्गाहरु बेचबिखन गर्ने प्रयोजनका लागि भारतीय मेहरा थरका नागरिकलाई खत्री बनाई स्थानीय निकायहरुबाट सिफारिस लिई, पि.एस. मेहरा भन्ने व्यक्ति प्रेमशरण खत्री हो/होईन यकिन नै नभएको, भारतमै बसोबास गर्ने, भारतीय नागरिकता लिएको, के कुन स्थानमा के कुन मितिमा के कसरी मृत्यु भयो भन्ने जानकारी नभएको र विदेशी नागरिकको हकमा जानकारी राख्ने पर्ने अवस्था नभएता पनि प्रेमशरण खत्री भनिने विदेशी नागरिकको मृत्यु गेरमी गा.वि.स.मा भएको भनी मिति २०६८।०५।०५ गते दर्ता नं. १३ दर्ता मिति २०६८।०५।०५ मा निजले सूचक बनी मृत्यु दर्ताको प्रमाणपत्र गेरमी गा.वि.स.बाट लिईदिएको देखिएको, त्यसैगरी मिति २०७१।०९।०७ गते स्थानीय पञ्जिकाधिकारीको कार्यालय गेरमी नवलपरासीबाट स्थानीय पञ्जिकाधिकारी प्रतिवादी बुद्दिसागर सुवेदीले यिनै **प्रतिवादी रवी कुमार खत्रीले** भरेको अनुसूची-३ को सूचना फाराम बमोजिम तयार गरेको कमला खत्रीको मृत्यु दर्ताको प्रमाणपत्र लिईदिएको देखिएको, त्यसैगरी सोही गा.वि.स.मा तत्काल कार्यरत गा.वि.स. सचिव प्रतिवादी नन्द लाल कुम्हाल कोहारले गेरमी गाउँ विकास समितिको कार्यालय, नवलपरासीबाट मिति २०७३।०३।२८ गते अंशिका खत्रीको विवाह अहिलेसम्म नभएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी दिएको सिफारिस लिईदिएको देखिएको, यी गलत सिफारिसहरु भूमिसुधार कार्यालय तथा मालपोत कार्यालयहरुमा पेश गरेको, अनुप कुमार खत्री भनिने अस्तित्वमा नरहेको व्यक्तिको वारेश बनी निज रवी कुमार खत्रीले जग्गाको हकवालाको हैसियतमा बयान दिएको, निजले सो बयानमा समेत अनुप कुमार खत्री भारतीय नागरिक हो भनी नखुलाई सम्पूर्ण कामहरु योजनाबद्द रुपमा गरेको, निजले नै सनई गा.वि.स.मा रहेका जग्गाहरु बिक्री वितरणका लागि गेरमी गा.वि.स.को सचिवबाट सिफारिस गराएको, स्थानीय निकायका तत्कालीन स्थानीय पञ्जिकाधिकारी प्रतिवादीहरु नन्द लाल दास, बुद्दिसागर सुवेदी र नन्द लाल कुम्हाल कोहार समेतलाई प्रलोभनमा पारी आफू अनुकूल सिफारिस गराई जग्गा खरिदकर्ताहरुबाट बैना वापतको रकमसमेत लिईदिई अनुप कुमार खत्रीको जग्गा अनूप मेहराबाट बेचबिखन गराउने कार्यमा मुख्य भूमिका खेली नेपाल सरकारको नाममा आउनुपर्ने जग्गा समेत बेचबिखन गराई नेपाल सरकारलाई हानि नोक्सानी गरी गराई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको अवस्थामा विशेष अदालतले सो तर्फ विश्लेषण नै नगरी गरेको फैसला त्रुटिपूर्ण रहेको ।<br><br>**न.**गैर-नेपाली नागरिक **प्रतिवादी अनुप मेहराले** हदबन्दीबाट नेपाल सरकारको नाममा आउनुपर्ने जग्गाहरु भूमिसुधार कार्यालय नवलपरासीका तत्कालीन भूमिसुधार अधिकारी ईश्वरप्रकाश कलवारलाई प्रलोभनमा पारी मिलेमतो गरी गलत कागजातका आधारमा कानून विपरित तीन परिवार संख्या कायम गरी गैर-कानूनी निर्णय गर्न लगाएको, सोही निर्णयलाई कार्यान्वयन गराउन मालपोत कार्यालयका तत्कालीन कार्यरत प्रमुख मालपोत अधिकृतसमेतलाई अनुचित प्रभावमा पारी मिलेमतो गरेको, लामो समयदेखि अर्थात २०२४ सालदेखि हदबन्दी रोक्का रहेको जग्गा ४९ वर्षपछि मिति २०७३।०४।१८ गते भूमिसुधार कार्यालयले हदबन्दी रोक्का फुकुवा गर्ने निर्णय गरेकोमा उक्त जग्गाहरुमध्ये २०५८ सालमा संशोधन भएको जग्गाको हदबन्दी अनुसार नेपाल सरकारको नाममा छाड्नुपर्ने र व्यक्तिले आफूले रोज्न पाउने जग्गा मात्र अदलको ३ नं. बमोजिम बेचबिखन गर्न पाउनेमा अनुपकुमार खत्रीको नामवाट नाताप्रमाणित, मृत्युदर्ता प्रमाणपत्र लगायतका कागजातहरु स्थानीय निकायका पदाधिकारीहरूलाई प्रलोभनमा पारी भारतमा बसोवास गर्ने व्यक्तिलाई नेपालमै बसोवास गर्ने, प्रेमशरण खत्री, कमला खत्री लगायका व्यक्तिहरु नेपालको गेरमी गा.वि.स. मै मृत्यु भएको भनी गलत कागजातहरु बनाई अनुपकुमार खत्रीको हक हुन जाने जग्गाहरु भारतीय नागरिक पि.एस. मेहराको छोरा भनी निज अनुप मेहराको नामवाट बिक्री बितरण गराएको, यसरी सम्बन्धीत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हकवाला व्यक्ति नै फरक पारी नेपाल सरकारको नाममा आउनुपर्ने जग्गाहरु सरकारी कर्मचारीहरूको मिलेमतो र संलग्नतामा हकवाला भन्दा फरक व्यक्तिवाट बिक्री बितरण गराउँदा विक्री गरिएका सम्पूर्ण जग्गाहरु लिखत मूल्य अनुसारको रकम रु.५,०५,४२,०००।-(पाँच करोड पाँच लाख बयालिस हजार रुपैया) हानी नोक्सानी गरेको पुष्टि हुन आएको हुँदा उल्लिखित जग्गा बिक्री गर्ने कसुरमा संलग्न भारतीय नागरिक प्रतिवादी अनुप मेहराले प्रतिवादीहरू ईश्वरप्रकाश कलवार, नेत्रबहादुर चौधरी, टिकाराम ज्ञवाली, बुद्दिसागर तिवारी, खगेन्द्र पराजुली, मनोहरप्रसाद पन्थी, सुवास खड्का, रमेशमान श्रेष्ठ तथा अमृतकुमार काम्मु मगर समेतको भ्रष्टाचारजन्य कार्यमा रकम सम्पत्ति लिने खाने किसिमको मतियार भई भ्रष्टाचारको कसूर गरेको पुष्टि भएको अवस्थामा विशेष अदालतले सो तर्फ विश्लेषण नै नगरी गरेको फैसला त्रुटिपूर्ण रहेको।<br><br>**प.प्रतिवादीहरु देवेन्द्र सिंह सैथवार, आस कुमार सैथवार (अमन सिंह सैथवार र तेज प्रताप सैथवारको संरक्षक समेत रहेका), बृजमनी सैथवार, इन्द्रावती सैथवार, रितु कुमारी सैथवार, परदिप सुनार, तेजस्व सोनकर, पूर्णीमा कुमारी (वर्मा) सुनार, प्रियंका कुमारी वर्मा र शिवलाल चमार**ले व्यक्तिगत लाभ लिने प्रतिवादी रवी कुमार खत्री लगायतका व्यक्ति र सरकारी कर्मचारीहरुको मिलोमतोमा स्व. प्रेमशरण खत्रीको नाममा दर्ता रहेका अनुपकुमार खत्रीको हक लाग्ने जग्गाहरु भारतीय नागरिक अनूप मेहराबाट बिक्री गराई लिखतमा मोहीको हकसमेत मेटाई गैर-कानूनी लाभ लिई बिक्री वितरण गरी जग्गा खरिदकर्ता देवेन्द्र सिंह सैथवार, आसकुमार सैथवार (नाबालकहरु अमन सिंह सैथवार र तेज प्रताप सैथवारको संरक्षक भएकोमा निज नाबालकहरुको हकमा समेत), बृजमनी सैथवार, ईन्द्रावती सैथवार, रितु कुमारी सैथवार, परदिप सुनार, तेजस्व सोनकर, पूर्णीमा कुमारी (वर्मा) सुनार, प्रियंका कुमारी वर्मा र शिवलाल चमारको नाममा कायम रहेको र निज जग्गा धनीहरु भ्रष्टाचारजन्य कसुरमा संलग्न रहेको नदेखिए तापनि नेपाल सरकारको नाममा कायम हुनुपर्ने जग्गाहरु हाल निजहरुको नाममा कायम भएको देखिँदा साविक मुलुकी ऐन, २०२० को अपुतालीको महलको १७ नं. तथा प्रचलित मुलुकी देवानी संहिता, २०७४ को दफा २४८ बमोजिम नेपाल सरकारको नाममा कायम हुने जग्गा हाल निजहरुको नाममा रहेका जग्गाहरु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) र सोही ऐनको दफा ४७ बमोजिम जफतको मागदावी भएकोमा सो तर्फ दावी नपुग्ने गरी विशेष अदालतबाट भएको फैसला न्यायको रोहमा त्रुटिपूर्ण देखिएको।<br><br>**फ.** मिति २०७३।०४।१८ मा २७-७-२.७५ बिगहा जग्गा हदबन्दी फुकुवा गर्ने निर्णय, मालपोत कार्यालयबाट भएको जग्गाको हक हस्तान्तरण गर्न स्वीकृति दिने मिति २०७३/०९/०६ को निर्णय एवं मिति २०७३/०९/२४ र ऐ. २५ मा पारित राजिनामा रजिष्ट्रेशन समेतको कार्यमा प्रतिवादीहरुको वदनियत नरहेको भनी विशेष अदालतले फैसलामा ग्रहण गरेको देखिन्छ। मिति २०२२ सालमा प्रेमसरण खत्रीले आफ्नो ७ नम्बर फाँटबारीमा छोराको नाम अनुप खत्री उल्लेख गरेकोमा सो बेलामा नै परिवार संख्या एकिन भएको र अनुप खत्रीले पाउने जग्गा समेत सो बेलाको कानूनले एकिन गरेको देखिन्छ। अनुप खत्रीले मिति २०५८/१०/२५ गते भन्दा अगावै हद बन्दी सम्बन्धी रोक्का रहेको जग्गा फुकुवा गरी पाउ भनी सम्बन्धीत निकायमा निवेदन पेश गरेको देखिदैन। मिति २०५८/१०/२५ मा भूमी सम्बन्धी ऐन, २०२१ को दफा ७ संशोधन भएको र सो संशोधनबाट दस बिगाहा र घरबारी तर्फ एक बिगाह गरी जम्मा एघार बिगाहा जग्गालाई हद निर्धारण गरेकोमा अनुप खत्रीले पाउने जग्गा बढीमा ११ बिगाहा हुनेमा उनाउ व्यक्तिले २०७३ सालमा निवेदन दिएको आधार लिई ३ जना परिवार संख्या कायम गरी २७-७-२.७५ बिगहा जग्गा फुकुवा गरेको कानूनत मिलेको देखिदैन र २०५८/१०/२५ मा भूमी सम्बन्धी ऐन, २०२१ को दफा ७ मा भएको संशोधनको मकस्द समेत नरहेको अवस्थामा अनुप खत्री भन्ने नक्कली अनुप मेहरा भन्ने व्यक्तिलाई खडा गराई रबि कुमार खत्रीले २०७३ सालमा दिएको निवेदनलाई आधार लिई ३ जना परिवार संख्या कायम गरी प्रतिवादीहरु मिलि मालपोत कार्यालयबाट २७-७-२.७५ बिगहा जग्गा फुकुवा गर्ने निर्णय गरेको कानूनत नमिलेको अवस्थामा २७-७-२.७५ बिगहा जग्गा फुकुवा गर्ने गरी भएको निर्णय मिलेको भनी विशेष अदालतले गरेको फैसला त्रुटिपूर्ण रहेको हुँदा विशेष अदालतको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | फैसला बदरभागी रहेको। |